धुलिखेल नगरपालिकाको नगरसभामाको एघारौं अधिवेशनमा
नगर प्रमुख
श्री अशोक कुमार व्याञ्जु श्रेष्ठद्वारा प्रस्तुत

# आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रम

मिति २०७९ असार १० गते

धुलिखेल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धुलिखेल, काभ्रेपलाञ्चोक
२०७९

सभाध्यक्ष महोदय,

1. लोकतन्त्रका आधारभूत मूल्य मान्यताको सम्मान, मानव अधिकारको संरक्षण र सुशासन कायम गर्नका लागि देशले लिएको **समृद्ध नेपाल, सुखी नेपाली**को राष्ट्रिय आकाङ्क्षालाई आत्मसात गर्दै धुलिखेल नगरपालिकाको **समृद्ध र सुन्दर धुलिखेल**को दीर्घकालीन सोच पूरा गर्नेतर्फ प्रतिबद्ध रही यस नगरपालिकाका आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रम प्रस्तुत गर्दैछु। यस महत्त्वपूर्ण घडीमा नेपालको राष्ट्रियता, अखण्डता, स्वाधीनता र लोकतन्त्र प्राप्तिको अभियानमा नेतृत्व प्रदान गर्ने हाम्रा वीर पुर्खा, अमर सहिद तथा धुलिखेलको समृद्धिमा योगदान पुऱ्याउनु हुने अग्रजहरूप्रति उच्च सम्मान व्यक्त गर्दछु ।
2. राज्य पुनःसंरचना पछिको दोस्रो चरणको स्थानीय तहको निर्वाचनबाट धुलिखेल नगरवासीले हामीलाई दिएको अभिमतको सम्मान गर्दै नगर सभाको एघारौं अधिवेशनमा (दोस्रो नगरसभाको प्रथम अधिवेशन) छैटौं पटक नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गर्न यस गरिमामय नगरसभामा सम्बोधनका लागि उपस्थित हुन पाउँदा गौरव महसुस गरेको छ। जनतासँग प्रत्यक्ष र नजिकबाट सरोकार राख्ने स्थानीय तहको महत्त्व, भावना र सार्थकता सम्पूर्ण सर्वसाधारणमा समेत बोध गराउने यो सुखद् समयलाई पुनः स्मरण गर्न चाहन्छु।
3. देश उन्नति र समृद्धिको अग्रगामी अभियानमा अग्रसर भएको र गतिशील रहेको सन्दर्भमा स्थायी शान्ति, स्थिरता, सुशासन र दिगो विकासका प्रतिफल जनसमक्ष प्रस्तुत गर्ने जिम्मेवारी पुन हाम्रो काँधमा आएको परिप्रेक्षमा धुलिखेलवासीले पाँच वर्षको लागि दिएको ताजा जनमतलाई सम्मान गर्दै सोको जिम्मेवारी इमान्दारीपूर्वक निर्वाह हुने विश्वास दिलाउन चाहन्छु।
4. धुलिखेल नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गरिरहँदा हाम्रो भूगोल, सामाजिक पृष्ठभूमि, विकासप्रतिको धारणा र संस्कृति, कानुनी व्यवस्था आदिका कारण जनअपेक्षा र हाम्रो आफ्नै चाहना समेत नीति तथा कार्यक्रममा सम्पूर्ण रुपमा समावेश गराउने प्रयत्न पूर्ण नहुन सक्छ। यद्यपि, हाम्रो संरचनागत, कानुनी र आर्थिक अवस्थाका आधारमा धुलिखेल नगरपालिकाका वडा समितिहरु, विषयगत समितिहिरु, बजेट तथा योजना तर्जुमा समितिको परामर्श समेतको आधारमा नगरपालिकाको नीति तथा कार्यक्रम यस सम्मानित सभामा पेश गर्ने अनुमति चाहन्छु।

5. देशको राजधानी काठमाडौंसँग नजिक रही पर्यटन, व्यापार र कृषिको प्रचुर सम्भावना बोकेको यो सुन्दर पहाडी नगरीको स्रोत र साधनको सु-व्यवस्थित उपयोगले समाजमा समृद्धि र जीवनमा सकारात्मक परिवर्तन ल्याउने गरी नीति तथा कार्यक्रम तय गर्न नगरसभा सफल हुने विश्वास लिएको छु।

6. यस नीति तथा कार्यक्रम र बजेट तर्जुमा गर्दा नेपाल सरकारले विश्व सामु सन् २०३० सम्ममा पूरा गर्ने गरी प्रतिबद्धता जाहेर गरेका १७ वटा दिगो विकासका लक्ष्यसँग सामञ्जस्य हुने गरी कार्यक्रमहरुको तर्जुमा गरिएको नगरसभा समक्ष अवगत गराउन चाहन्छु ।

**सभाध्यक्ष महोदय,**

अब म यस नगरपालिकाले आ.ब. २०७९।०८० को नीति तथा कार्यक्रम तर्जुमा गर्दा लिएका आधारहरु प्रस्तुत गर्दछु

7. नेपालको संविधानका प्रस्तावना, मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु, संघीय सरकारको आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरु, संघीय सरकारले अवलम्वन गरेका आर्थिक तथा वित्तीय नीतिहरु, प्रदेश सरकारले लिएका आर्थिक एवं वित्तीय नीतिहरु, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले गरेको नीतिगत व्यवस्था, स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७४ ले निर्दिष्ट गरेको वार्षिक योजना तथा बजेट तर्जुमाका आधारहरु, स्थानीय आर्थिक कार्य प्रणाली एवम एकल तथा साझा अधिकार सूचि, स्थानीय तहको आवधिक योजनाले तय गरेका प्राथमिकताहरु, नेपालले अन्तर्राष्ट्रिय जगतमा जनाएका विभिन्न प्रतिबद्धताहरु यस नीति तथा कार्यक्रमका आधारहरु हुन् । त्यसैगरी नगरको आवधिक योजना तथा मध्यमकालिन खर्च संरचना २०७८, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य ऐन, नियमावलीका प्रावधानहरु, स्थानीय तहका क्षेत्रगत नीति, पन्धौ पञ्चवर्षीय योजना, नगरपालिको एकीकृत नगर विकास योजना, रणनीतिहरु, योजना तथा अध्ययन प्रतिवेदनहरु, विकासका समसामायिक मुद्धाहरु, दिगो विकासका लक्ष्यहरु, जलवायु परिवर्तन र विपद व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैङ्गिक सशक्तीकरण तथा समावेशी विकास, बालमैत्री स्थानीय शासन, वातावरण मैत्री स्थानीय शासन, उर्जा सङ्कटको व्यवस्थापन लगायतका दस्तावेजहरुलाई मध्यनजर गरिएको छ । यसका अतिरिक्त निर्वाचनको क्रममा हामीले जारी गरेका निर्वाचन घोषणापत्र तथा

प्रतिवद्धताहरू, विगतका नीति, कार्यक्रम तथा योजनाहरु, विभिन्न राजनीतिक दलहरु, संघ संस्था प्रतिनिधिहरु, नगरवासी सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरू एवम् सञ्चार माध्यम, वौद्धिक वर्ग लगायतका निजी क्षेत्रको सुझाव तथा समय समयमा गरिएका सार्वजनिक वचनवद्धताहरुलाई नीति निर्माणको आधारको रुपमा लिएको छु।

अब म नगरपालिकाले लिएको विषयगत क्षेत्रगतको नीतिहरु बुँदागत रुपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**स्वास्थ्य**

8. **“स्वस्थ शहर धुलिखेलको बहारः जनताको घरदैलोमा गुणस्तरीय स्वास्थ्य उपचार”** भन्ने मुल नाराका साथ नसर्ने रोगको प्रकोप नियन्त्रण गर्न एन सी डी कार्यक्रम मार्फत दिर्घरोगीहरुलाई घरघरमा औषधि पुऱ्याउने तथा स्वास्थ्य परीक्षण व्यवस्थापन गरिने छ।
9. स्वास्थ्य सूचना केन्द्रलाई अझ बढी प्रभावकारी बनाई स्वास्थ्य सूचनामा जनताको पहुँच विस्तार गर्न **ड्यासबोर्ड कार्यक्रम** सफलतापूर्वक सञ्चालन गरिने छ ।
10. स्वास्थ्य सेवाको गुणस्तर सुधार तथा नमूना योग्य क्रियाकलापहरु सञ्चालन गर्ने तथा स्वास्थ्य संस्थाको सरसफाई व्यवस्थित गर्ने, अभिलेख र प्रतिवेदनलाई अझ सशक्त बनाइ धुलिखेल नगरलाई **स्वास्थ्य पर्यटन गन्तब्य**को रुपमा विकास गरिने छ।
11. आत्महत्या नियन्त्रणका लागि मानसिक तथा मनोसामाजिक नीति अनुरुप उपचारको अभियानको कार्यक्रमलाई तीव्रता दिइने छ ।
12. स्वास्थ्य क्षेत्रमा अनुसन्धान कार्यलाई प्राथमिकता दिई **तथ्यमा आधारित स्वास्थ्य कार्यक्रम** सञ्चालन गरिने छ ।
13. धुलिखेल नगरले स्वास्थ्यमा गरेका राम्रा कार्यहरुको राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा प्रचार प्रसार गरी थप कार्यक्रम ल्याउन तथा स्रोत जुटाउन पहल गरिने छ।
14. स्वास्थ्य क्षेत्रमा विश्व स्वास्थ्य संगठन लगायत **वहुक्षेत्रगत स्वास्थ्य अभियान** सञ्चालन गरी वहु आयामिक र दिगो स्वास्थ्य सेवाको सुनिश्चितता गरिनेछ।
15. सबै स्वास्थ्य संस्थाहरुको सेवामा सुधार गरी नागरिकहरुको नियमित जाँच र गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच वृद्धि गर्न धुलिखेल अस्पतालसँग सहकार्य गरिनेछ।

16. काभ्रे भञ्ज्याङमा निर्माणाधीन नगर अस्पतालको बाँकी कार्य सम्पन्न गरी चालु आ.ब. बाट सञ्चालनमा ल्याइनेछ ।अस्पतालमा सरुवा रोग तथा डाइलासिस सेवाको उपलव्धताका लागि आवश्यक व्यवस्था गरिनेछ।

17. नगरका उपयुक्त स्थानमा आवश्यकता अनुरुप ज्येष्ठ नागरिक मनोरञ्जन केन्द्र र बालबालिका हेरचाह गृह स्थापना गरिने छ।

18. आयुर्वेद औषधालयको भवन निर्माण सम्पन्न गरी औषधालयको सेवालाई **आयुर्वेद अस्पताल**को रुपमा विस्तार गरिनेछ।

19. स्वस्थ र फुर्तिलो जीवन शैलीको लागि एक वडा एक योग केन्द्र तथा फिटनेश केन्द्र स्थापना कार्यलाई निरन्तरता दिइने छ ।

20. **पोषणमैत्री शासन युक्त नगर** तथा **क्षयरोगमुक्त नगर घोषणा अभियान**लाई तीव्रता दिइनेछ।

21. नगरपालिकाले लिएको स्वास्थ्य शहर अभियानलाई साकार तुल्याउन नागरिक स्वास्थ्यका बहुआयामिक समस्याहरुको यथार्थ वस्तुस्थिति विश्लेषण गरी सकिएकोमा सो अभियानलाई राष्ट्रिय पहिचान दिन संघ तथा प्रदेश सरकारसँगको सहकार्यमा वढोत्तरी गरिने छ ।

22. **रोग विरुद्धको चेतना व्यक्ति व्यक्तिमा, रोगको उपचार बस्ती बस्तीमा** अन्तर्गत वडा तथा बस्ती स्तरमा महिला स्वयम् सेविकाको नेतृत्वमा गठित सामुदायिक स्वास्थ्य समन्वय समितिलाई तालिम प्रदान गरी स्वास्थ्य सेवामा संलग्नता अभिवृद्धि गरिनेछ ।

23. स्वास्थ्य सेवाको गुणस्तर स्तरीकरण गर्न प्रत्येक स्वास्थ्य संस्थामा अक्सिजन सेवा सहित २ वटा बेड व्यवस्था गरिने छ ।

24. **स्वास्थ्य बीमा नगरको जिम्मा** अन्तरगत महिला स्वास्थ्य स्वयम् सेविका तथा अपाङ्ग तथा अति विपन्न नागरिकहरुको प्रिमियममा अनुदानको प्रबन्ध गरिनेछ ।

25. नगर क्षेत्रका महामारी प्रभावित, अति अशक्त विपन्न नागरिक, सुत्केरी, गर्भवती तथा उत्तर प्रसूति सेवाकालागि **नि:शुल्क एम्वुलेन्स** सेवा सुनिश्चित गरिने छ ।

26. निःशुल्क आधारभूत स्वास्थ्य सेवामा आम नगरवासीको सुलभ र सरल पहुँचको व्यवस्थामा थप सुधार गर्न अत्यावश्यकीय औषधि तथा उपकरणको अभाव हुन नदिने व्यवस्था मिलाइनेछ ।
27. कोरोना भाइरस (कोभिड १९) बिरुध्दको खोप शतप्रतिशत नागरिकलाई उपलब्ध गराइने छ ।
28. प्राकृतिक प्रकोप तथा महामारीको समयमा खटिने स्वास्थ्यकर्मी तथा कर्मचारीको उच्च मनोबल कायम राख्न प्रोत्साहनको व्यवस्था गरिने छ ।
29. नगर स्वास्थ्य केन्द्र र क्लिनिकमा विशेषज्ञता सेवा उपलब्ध गराइने छ साथै स्वास्थ्य संस्थाहरुमा प्रयोगशाला सेवा विस्तार गर्दै लगिने छ ।
30. आम सञ्चार माध्यमबाट नगरमा स्वास्थ्य सम्बन्धी कार्यक्रमहरु र स्वास्थ्य शिक्षा जनस्तरसम्म पुऱ्याउने कार्यलाई निरन्तरता दिइनेछ ।
31. नागरिकहरुको रोग प्रतिरोधी क्षमता अभिवृद्धिका लागि परम्परागत तथा आयुर्वेदिक चिकित्सा पद्धतिको प्रवर्द्धन गरिने छ ।
32. स्थानीय जडीबुटी तथा औषधीजन्य खाद्य पदार्थको उत्पादन र उपभोगकालागि प्रोत्साहित गर्दै नगरको कम्तिमा एक वटा सामुदायिक बनमा जडिबुटी खेती कार्य सञ्चालन गरिनेछ ।
33. धुलिखेल अस्पातलमा धुलिखेलका नागरिकहरुलाई सहयोग हुने गरी Help Desk स्थापना गरिनेछ ।
34. महिलाहरुको प्रजनन स्वास्थ्य तथा पाठेघरको क्यान्सर सम्बन्धी विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।
35. स्वास्थ्य संस्थाहरुको भौतिक संरचना सुधार गर्दै धुलिखेल प्राथमिक स्वास्थ्य केन्द्रको भवन जीर्णोद्धार र कोठा थप गरिनेछ ।
36. किशोर किशोरीको स्वास्थ्य सेवा पहुँचका लागि विद्यालय तथा कलेजस्तरमा यौन तथा प्रजनन स्वास्थ्य शिक्षा र कार्यक्रम सञ्चालन गरिनेछ ।

**शिक्षा**

37. प्रधानाध्यापकको आवधिक मूल्याङ्कन गर्ने र प्र.अ.सँग अन्य सबै शिक्षकहरुको करार सम्झौता गरी सिकाइ उपलब्धि अभिवृद्धि गरिनेछ ।
38. विद्यार्थी संख्या र भूगोलसमेतका आधारमा विद्यालयको समायोजन र दरबन्दी मिलानको कार्यलाई निरन्तरता दिइनेछ ।

39. माध्यमिक तहको विज्ञान गणित र अङ्ग्रेजी विषयको शिक्षक अभाव पूर्ति गर्न आवश्यकताको आधारमा दरवन्दी थप गरी शैक्षिक गुणस्तर सुधारमा सवलीकरण गरिनेछ ।

40. वैज्ञानिक एवम् बालमैत्री सिकाई क्रियाकलाप प्रवर्द्धन गरी सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुनिश्चत गर्न वहुकक्षा वहुस्तर (MGML) शिक्षण पद्धति सबै सामुदायिक विद्यालयमा लागू गरिनेछ ।

41. वालविकास केन्द्रका सहयोगी कार्यकर्ता र विद्यालय कर्मचारीहरुलाई न्यूनतम पारिश्रमिक उपलव्ध गराउन आवश्यक थप वजेटको सुनिश्चितता मिलाइने छ ।

42. साक्षर तथा नव साक्षरलाई निरन्तर शिक्षा कक्षाको सञ्चालनका लागि सिकाई केन्द्रलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

43. बहु प्रतिभा पहिचान तथा विद्यार्थीको चौतर्फी विकास गर्न विविध विधागत कक्षा सञ्चालनकालागि यात्री शिक्षकको व्यवस्था गरिने छ ।

44. नगरपालिका तथा विद्यालय परिवारको सम्बन्धलाई सुदृढ गर्न जनप्रतिनिधिहरुको विद्यार्थी, शिक्षक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी र अभिभावकसँग नियमित अन्तरक्रियाको व्यवस्था मिलाइने छ ।

45. उच्च शिक्षा अन्तर्गत स्नातक तह अध्ययन गर्ने धुलिखेल नगरपालिकाका स्थायी वासिन्दालाई मासिक पढाइ शुल्क पूर्ण निःशुल्क र अन्य स्थानीय तह वा जिल्लाबाट धुलिखेलमा अध्ययन गर्ने विद्यार्थीका लागि कलेज र नगरपालिकाको लागत साझेदारीमा पचास प्रतिशत शुल्क मिनाहाको लागि अनुदानको व्यवस्थालाई यस वर्षसमेत निरन्तरता दिइनेछ ।

46. शैक्षिक गुणस्तर सुधारका लागि स्वच्छ प्रतिस्पर्धाको वातावरण कायम गर्न प्रत्येक वडामा कम्तिमा १/१ विद्यालयलाई नमूना विद्यालय बनाउने नीतिलाई निरन्तरता दिइएको छ ।

47. आवश्यकता र औचित्यताका आधारमा बाल विकास केन्द्रका सकाको दरबन्दी मिलान गरिनेछ।

48. शैक्षिक क्रियाकलापमा रहेको आधुनिक प्रविधिगत खाडल (Digital Gap न्यूनीकरण गर्न कम्प्यूटर शिक्षकका लागि ICT Based तालिम प्रशिक्षणको व्यवस्था मिलाइनेछ ।कम्तिमा एक वडा एक डिजिटल विद्यालयको विकास गरिनेछ ।

49. स्वःउत्प्रेरित शिक्षकले मात्र सिकाउछन् भन्ने यथार्थलाई आत्मसाथ गर्दै शिक्षकलाई स्वःउत्प्रेरणात्मक शैक्षिक जागरण कार्यक्रम सञ्चालन गरिनेछ । गुणस्तरीय शैक्षिक

कार्यक्रम सञ्चालनका लागि शिक्षकको पेशागत सुधारका लागि काठमाडौं विश्वविद्यालयसँग सहकार्य गरी कस्टमाइज्ड तालिमको व्यवस्था मिलाइनेछ ।

50. शिक्षक, विद्यार्थी र अभिभावकहरुलाई नतिजाका आधारमा प्रोत्साहन तथा सचेत गराइ सकारात्मक प्रतिस्पर्धाको वातावरण सिर्जना गरिने छ ।
51. स्थानीय पाठ्यक्रमलाई कक्षाकोठामा सहजीकरण गर्न स्थानीय आवश्यकता अनुरुप व्यवहारिक र जीवनोपयोगी एवम् सान्दर्भिक शिक्षक निर्देशिकाको विकास गरिनेछ । स्थानीय पाठ्यक्रम मार्फत व्यवहारिक र जीवन उपयोगी शिक्षाको कार्यान्वयनमा विशेष जोड दिइनेछ ।
52. निरन्तर विद्यार्थी मूल्याङ्कनको प्रयोगलाई सुदृढीकरण गरी नगरस्तरीय परीक्षालाई थप विश्वसनीय र प्रभावकारी बनाइने छ । मूल्याङ्कनको पद्दतिलाई शिक्षण सिकाई सुधारका लागि प्रयोग गरिने छ ।
53. नेतृत्वको सवलीकरण, शिक्षण सिकाई प्राक्रियामा सुधार, पेशागत नैतिकताको प्रर्वद्धन र प्रविधिको उच्चतम प्रयोग गरी सामुदायिक विद्यालयको गुणस्तर अभिवृद्धि गरिनेछ ।
54. कृषि, पर्यटन लगायतका विषयगत क्षेत्रका लागि आवश्यक पर्ने प्राविधिक सीपयुक्त जनशक्ति तयारी गर्न क्रमशः प्राविधिक विद्यालयको स्थापना र सञ्चालन गर्ने व्यवस्था मिलाइने छ ।
55. संभाव्यता अध्ययन गरी बाबुआमाविहिन असहाय, घरेलु हिंसामा परेका गरिब वालवालिकाका लागि छात्रवासको व्यवस्था गरिनेछ ।
56. विद्यालय शिक्षाको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि नगरपालिकाको अनुगमन संयन्त्रबाट सघन रुपमा विद्यालयको अनुगमन गरिनेछ ।
57. लागत साझेदार संघ/संस्था र पूर्व विद्यार्थीहरुकोसमेत सहकार्यमा सञ्जीवनी माध्यमिक विद्यालयको पुरानो भवनको मोडेलमा भवन निर्माण गरी शैक्षिक सङ्ग्रहालयको स्थापना गर्न पहल गरिनेछ ।

## युवा तथा खेलकुद तर्फ

58. धुलिखेल बजारमा रहेको खेलमैदानलाई अत्याधुनिक सुविधा सम्पन्न बनाउन र नगर क्षेत्रमा एउटा कभर्ड हल र स्पोर्ट्स एकेडेमीको निर्माण गर्न आवश्यक पहल गरिनेछ । प्रत्येक वडामा खुला क्षेत्रको रुपमा पनि प्रयोग गर्न सकिने गरी वहुउपयोगी खेलमैदान निर्माण गरिनेछ ।

59. देशको ४० प्रतिशत युवा जनसंख्यालाई दृष्टिगत गर्दै नगर क्षेत्रको आर्थिक समृद्धिमा युवाको योगदान अभिबृद्धि गर्ने नीति लिइनेछ। युवाको क्षमता विकास, युवा बहु प्रतिभाको पहिचान, युवा लक्षित जीवनोपयोगी, प्राविधिक र व्यावसायिक शिक्षा, युवामा सकारात्मक सोंचको विकास गर्दै स्वयंसेवी संस्कृतिको विकास र श्रमको सम्मान जस्ता क्रियाकलापहरुलाई प्रधानमन्त्री रोजगार कार्यक्रमसँग आवद्ध गर्दै युवालाई आत्मनिर्भर, स्वाबलम्वी र चरित्रवान बनाइनेछ।

60. नगरमा बसोबास गरेका जिल्ला तथा राष्ट्रिय स्तरका खेलाडीहरुको १ लाख बराबर रकमको दुर्घटना बीमा नगरपालिकाबाट गरिने छ ।

61. राष्ट्रिय/अन्तर्राष्ट्रियस्तरको खेलाडी तयार गर्न खेलकुद विकासका लागि नगरस्तरीय खेलकुद परिषद् गठन गरिनेछ । परिषद् मार्फत् खेलकुद विकासको कार्यक्रम सञ्चालन गरिनेछ ।

62. खेलकुद विकासका लागि सघन रुपमा खेलकुद प्रशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ

**महिला, बालबालिका. अपाङ्ग, जेष्ठ नागरिक, सामाजिक सुरक्षा र सामाजिक समावेशिता**

**अध्यक्ष महोदय,**

63. संविधान प्रदत्त महिलाको हक सम्बन्धी विषयलाई प्राथमिकता दिँदै महिलाको आर्थिक, राजनैतिक तथा सामाजिक शसक्तीकरणका क्रियाकलापहरु सञ्चालन गरिनेछ ।

64. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी नीति तर्जुमा गरी लैङ्गिक उत्तरदायी शासन पद्धति तथा समावेशी विकासको अवधारणालाई अवलम्वन गरिनेछ ।

65. महिला उद्यमशिलता विकासको क्षेत्रमा कार्यक्रमहरु सञ्चालन गरी व्यवसायीकरणको माध्यमबाट महिलाहरुको आर्थिक सशक्तीकरणमा जोड दिइनेछ ।

66. **लैङ्गिक हिंसा नगरी समान व्यवहार गरौं, महिला पुरुष कोही पनि हिंसामा नपरौं** भन्ने नाराको साथमा लैङ्गिक हिंसा रोकथाम तथा न्युनीकरणका क्रियाकलाप सञ्चालन गरिनेछ । हिंसा प्रभावितहरुका लागि अल्पकालिन सेवा केन्द्र (Safe House) सञ्चालनलाई निरन्तरता दिँदै उद्धार, संरक्षण, पुनर्स्थापना तथा न्याय निरुपण लगायतका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

67. लैङ्गिक हिंसा प्रभावित व्यक्तिलाई तत्काल उद्धार, पुनर्स्थापना, राहत, कानुनी परामर्श, न्याय निरुपण समेतका लागि सञ्चालित लैङ्गिक हिंसा निवारण कोषलाई निरन्तरता दिइनेछ ।

68. स्थानीय आमसञ्चार माध्यमहरुबाट महिला, बालबालिका, किशोर किशोरी, अपाङ्गता तथा ज्येष्ठ नागरिक लक्षित कार्यक्रमहरु सञ्चालनमा जोड दिइनेछ ।

69. सेवाग्राही तथा कर्मचारीका बालबालिकाहरुलाई सहज कार्यवातावरण बनाउन धुलिखेल नगरपालिका कार्यालय परिसरमा बालमैत्री कक्ष स्थापना गरी सञ्चालन गरिनेछ ।

70. बाल अधिकारको संरक्षण तथा आपतकालिन अवस्थामा उद्धार तथा संरक्षणको लागि बाल संरक्षण कोष सञ्चालनलाई निरन्तरता दिइने छ ।

71. अपाङ्गता भएका व्यक्तिहरुको हक अधिकार संरक्षणका लागि सचेतनामुलक कार्यक्रमहरु सञ्चालन, अपाङ्गतामैत्री संरचनाहरुको निर्माण गरी नगरपालिकालाई अपाङ्गता मैत्री घोषणा गर्न पहल गरिनेछ ।

72. अपाङ्गता भएका व्यक्तिको मर्यादित र आत्मनिर्भर जीवन निर्माणको लागि क्षमता विकासका कार्यक्रम, सहायता सामाग्री वितरण तथा समुदायमा आधारित पुर्स्थापना कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

73. ज्येष्ठ नागरिक अन्तरपुस्ता सिप हस्तान्तरणको माध्यमबाट ज्येष्ठ नागरिकका ज्ञान, सिप र अनुभवलाई समृद्ध नगर निर्माणका लागि उपयोग गर्दै ज्येष्ठ नागरिकलाई अनुभवका खानी, जीउँदा इतिहास, जिवन्त पुस्तकालयको रुपमा सम्मान र संरक्षण प्रदान गरिनेछ ।

74. राज्यको कुनै पनि सेवा सुविधाबाट बञ्चित अपाङ्गता परिचय पत्र प्राप्त गरेका नगरपालिकाका नागरिकहरुलाई निःशुल्क स्वास्थ्य बीमा गर्ने व्यवस्था मिलाइनेछ ।

75. बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति २०६८ एवम् कार्यान्वयन कार्यविधि २०६८ ले तोकेका ३९ वटा सूचकहरु पुरा गरी वालमैत्री नगर घोषणा भएको सन्दर्भमा नेपाल सरकारबाट थप १२ सूचकहरु समेत पुरा गर्न थप कार्यक्रमहरु सञ्चालन गरिने छ ।

76. धुलिखेल नगरपालिकालाई सामाजिक सुरक्षा र **व्यक्तिगत घटनादर्ता सम्बन्धमा देशकै नमूना सिकाई तथा व्यवस्थापकीय केन्द्र**को रुपमा विकास गर्ने उद्देश्य रहेको

छ । उक्त कार्यलाई मूर्तरुप दिन अभ्यास र अनुभवलाई घनिभूत वनाई त्रुटिरहित बनाइनेछ ।

77. जन्म र मृत्यु प्राकृतिक कुरा भएकोले अस्पतालमा जन्मको साथै मृत्युको विवरण प्रविष्टि गर्ने वित्तिकै सम्वन्धित स्थानीय तहले हेर्न मिल्ने र सम्वन्धित सूचक उपस्थित भएपछि Verify गरी प्रमाणपत्र दिनका लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

78. BRS System (जन्म प्रमाणपत्र) सञ्चालन गर्न अस्पतालहरुको दक्षता अभिवृद्धि गरिनेछ । साथै DRS System (मृत्यु प्रमाणपत्र) लागू गर्न संघ सरकारसँग अनुरोध गरिनेछ ।

79. खोप लगाएको कार्डको आधारमा जन्मदर्ता गर्ने र जन्मदर्ताको आधारमा विद्यालय भर्ना लगायत अन्य प्रयोजनका लागि **जन्म दर्तालाई नै पहिलो आधार** मान्ने कार्यलाई प्रभावकारी बनाइनेछ ।

80. **"धुलिखेलको आवाजः छुवाछुतमुक्त समाज"** अभियान साकार पार्न समुदायस्तरमा विभिन्न जनचेतनामूलक कार्यक्रम सञ्चालन तथा अन्य समुदायसँगको सहकार्यात्मक कार्यक्रमहरुलाई दलित परिषदको नेतृत्वमा निरन्तरता दिइनेछ।

81. समावेशी विकासका माध्यमद्वारा आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका जनजाति, दलित, महिला युवा र अपाङ्ग लगायतका समुदायको विकासका लागि समुदायस्तरसम्म विस्तार भएका क्षमता विकास तथा प्रवर्धनात्मक कार्यक्रम व्यवस्था गरी गरिवी निवारणका कार्य स्थायी रुपमा व्यवस्थापन गर्न **"मेयर गरिवी निवारण कार्यक्रम"** कार्यान्वयनलाई थप प्रभावकारी, नतिजामुलक र व्यवहारिक बनाइनेछ ।

## पूर्वाधार

## खानेपानी तथा सरसफाई

82. एक घर एक धारा नीति अनुरुप खानेपानीको पहुँच पुग्न नसकेका १०% घरधुरीहरुमा यसै आ.व.मा खानेपानीको विस्तार गरिनेछ । जडान गरिएका धाराहरुलाई पक्की धाराको रुपमा विकसित गरिनेछ ।

83. नगर क्षेत्र भित्र सञ्चालित आयोजनाहरुको सम्बन्धमा नगरपालिका जलस्रोत ऐन र नियमावली बमोजिमको स्थायी उपभोक्ता समिति गठन तथा सञ्चालन गरी खानेपानीका स्रोतको सञ्चालन, मर्मत सम्भार र दिगो व्यवस्थापनको प्रवन्ध गरिनेछ।

84. काभ्रे उपत्यका एकीकृत खानेपानी परियोजना चालु आ.व भित्र सम्पन्न गरी लाभग्राहीहरुलाई खानेपानीको आपूर्ति गर्न अधिकतम प्रयत्न गरिनेछ ।
85. गुणस्तरीय खानेपानी वितरणको अवधारणालाई अवलम्बन गर्दै सञ्चालित सबै आयोजनाहरुको खानेपानी परीक्षण र शुद्धीकरण अभियानको रुपमा सञ्चालन गरिनेछ।
86. पानीको न्यूनतम महसुल छुट गर्ने सम्बन्धमा अध्ययन गरी आवश्यक व्यवस्था मिलाइने छ ।
87. नगर क्षेत्र भित्रका सबै खानेपानी आयोजनाहरुको संरक्षण, सञ्चालन, मर्मत संभार तथा महसुल व्यवस्थामा एकरुपता तथा प्रभावकारिताका लागि उपभोक्ता समितिहरुको एकल नगरस्तरीय बोर्ड गठन गर्न कानुनी प्रबन्ध गरिनेछ ।
88. बजार क्षेत्रको खानेपानी आयोजनाको बिद्यमान संरचना हरुको मर्मत सम्भार तथा दिगो व्यवस्थापन गर्न तथा बजार क्षेत्रमा रहेको खानेपानी आपूर्तिको न्यूनतालाई कम गर्न थप सम्भावित स्रोतहरुको खोजि तथा उपयोग गर्न आवश्यक पहल गरिने छ |

## सडक पूर्वाधार

89. धुलिखेल नगर केन्द्र र वडा केन्द्र जोड्ने सडकहरु तथा नगर क्षेत्रका अन्य सबै पक्की सडकहरु विग्रेको समयमा तत्काल मर्मत सम्भार गर्ने गरी आवश्यक व्यवस्था मिलाइनेछ ।
90. नगरक्षेत्रका सबै सघन वस्तीस्तरसम्म बाह्रै महिना सवारी आवागमन हुन सक्ने गरी सडक सञ्जालको निर्माण गरिनेछ। सबै घरधुरीबाट १५ मिनेटको दुरीभित्र सडकको पहुँच विस्तार गर्ने गरी सडक रेखाङ्कन गरिनेछ ।
91. अन्तर नगरपालिका सडक संजाल विस्तार गर्न आवश्यक व्यवस्था मिलाइनेछ |
92. नगरको समग्र विकास निर्माणमा सार्वजनिक र नीजि साझेदारी अवधारणा अवलम्बन गरिनेछ ।
93. नगरक्षेत्रभित्र सञ्चालन हुने सबै प्रकारका पूर्वाधारजन्य तथा सामाजिक क्षेत्रका आयोजनाहरुको अभिलेख व्यवस्थापन गर्न एक स्थानीय आयोजना बैङ्कको सञ्चालन गरिनेछ ।उक्त आयोजनाहरुको विस्तृत परियोजना प्रतिवेदनको आधारमा मात्र वजेट विनियोजन गर्ने व्यवस्थाको शुरुवात गरिनेछ।
94. नगरक्षेत्रभित्रका सबै सडकहरुको निजी स्वामित्वको लगत कट्टा गरी सार्वजनिक स्वामित्व कायम गर्न पहल गरिनेछ।

95. नगरपालिकाद्वारा विकास गरिएका पूर्वाधार योजनाहरुको दिगो विकासका लागि मर्मत सम्भार सेवा शुल्क तोकी मर्मत कार्यलाई अगाडि बढाइनेछ । हरेक आयोजनाबाट कट्टी हुने तीन प्रतिशत कन्टिन्जेन्सी मध्ये ०.७५ प्रतिशत मर्मत सम्भार कोषमा दाखिला गर्ने व्यवस्था मिलाइने छ ।

96. क्षतिग्रस्त वा सङ्कटासन्न ऐतिहासिक, पुरातात्त्विक तथा सांस्कृतिक, धार्मिक सम्पदाहरूको पुनर्निर्माणका लागि विकास साझेदारहरुसँग सहकार्य प्रवर्द्धन गरिनेछ।

97. पुण्यमाता कोरिडोरमा सडक निर्माण गरी अन्तर नगर यातायात सञ्जाल विस्तार गर्न पहल गरिनेछ ।

98. तीव्र शहरीकरणलाई व्यवस्थापन गर्न, पूर्वाधार संरचनाहरु सोही वमोजिम निर्माण गर्न एवम् धुलिखेलको आर्थिक विकासमा टेवा दिन धुलिखेल चक्रपथ रेखाङ्कन सम्पन्न गरिने छ ।

99. पैदल यात्रीहरुको सुरक्षाको लागि नगरक्षेत्र भित्र पर्ने ठूला सडकहरुमा फुटपाथ निर्माण कार्य प्रारम्भ गरिनेछ ।

**अन्य पूर्वाधार निर्माण तर्फ**

100. नगरपालिकाको वडास्तरीय योजना कार्यान्वयनका लागि वडा तहमा प्रदान गर्दै आएको वडास्तरीय वजेटको व्यवस्थालाई बढोत्तरी गरेको छु ।जनसंख्या, भूगोल तथा राजश्व परिचालनको क्षमताको आधारमा उपलब्ध गराइने सूत्रमा आधारित वजेटमा थप गरेको छु ।

101. नगरकार्यपालिकाका सदस्यहरुको नागरिकसँगको सम्बन्ध स्थापित गर्न प्रत्येक सदस्यहरुको सिफारिसमा पूर्वाधारसँग सम्बन्धित एक/एक योजना सञ्चालनको कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

102. नगरपालिकाको भौतिक एवम् सामाजिक सेवालाई अपाङ्गमैत्री र बालमैत्री बनाउदै लगिने छ । त्यस्तै, सडक फुटपाथ तथा जेब्रा क्रशिङहरुमा सङ्केत युक्त टायल लगाउने अभ्यास प्रारम्भ गरिनेछ ।

103. पुननिर्माण गर्न बाँकी रहेका सार्वजनिक भवन संरचना निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

104. साहसिक खेललाई प्रोत्साहन तथा प्रवर्द्धनका लागि सरोकारवालाहरुको सहकार्यमा नगरको देविटारमा माउण्टेन स्पोट्स ट्रेनिङ्ग सेन्टर निर्माणको आवश्यक अध्ययन गरिनेछ ।

105. नगरको गौखुरेश्वर बनमा निर्माणाधीन अपाङ्गमैत्री ईको ट्रेल निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।उक्त वन लगायत साफिनो तथा धोबीखोला वन क्षेत्र लाई समेटेर साइक्लिङ ट्र्याकको अध्ययन गरिने छ | नगरमा भित्रने पर्यटकहरुको लागि हाइकींङ्ग ट्रेल निर्माण गरिने छ |

**भवन आवास तथा शहरी विकास**

106. साविक स्थानीय निकाय हुँदा बनेका निजी भवन संरचनाहरुलाई अनिवार्य अभिलेखीकरण गर्ने व्यवस्था मिलाइनेछ ।

107. धुलिखेल, श्रीखण्डपुर र ईटे नयाँपाटी क्षेत्रका पुरातात्त्विक निजी आवासहरु रहेको क्षेत्रमा साविक मौलिक ढाँचामा नै भवन निर्माण गर्दा नगरपालिकाबाट विगतमा उपलब्ध गराइएको सहुलियतलाई निरन्तरता दिएको छु ।

108. भवन निर्माण ईजाजत प्रणालीलाई झण्झट रहित गराउन चालु आ.ब.बाट अनलाईन भवन निर्माण ईजाजत प्रणाली लागू गरिनेछ ।

109. नगरक्षेत्रको सम्पूर्ण जग्गाको वर्गीकरण कार्य सम्पन्न गरिनेछ। आवास क्षेत्र भनी वर्गीकृत गरिएको जग्गामा मात्र भवन निर्माणको ईजाजत प्रदान गरिनेछ । शहरी योजना, बस्ती विकास तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्ड एक बर्ष भित्र परिमार्जन गरी लागू गरिने छ ।

110. नगरको साँस्कृतिक सामुदायिक पहिचान झल्कने गरी एक वडा एक नमुना बस्ती विकास गरिनेछ ।

111. चार फिट भन्दा अग्ला, भुकम्पीय दृष्टिले जोखिमयुक्त पर्खालहरु एवम् कच्चा किसिमले निर्माण भएका पर्खाललाई भत्काउन लगाइनेछ । एक घर दुई रुखको नीति लिइने छ । यसले हरियालीयुक्त धुलिखेल कायम राख्न मद्दत पुग्नेछ ।

112. प्रत्यक्ष रोजगारी सृजना गर्ने एक वडा एक आयोजना महिलाकै सहभागितामा मात्र सञ्चालन गर्ने नीति लिइने छ ।

113. नगरक्षेत्रमा राखिने विज्ञापन, प्रचार तथा सङ्केत सामाग्रीको मापदण्ड तयार गरी कार्यान्वयनमा ल्याइने छ ।

114. नगरपालिकाको छापगाउँमा विगत लामो समयदेखि सम्पन्न हुन नसकेको धुलिखेल जग्गा विकास आयोजना (Dhulikhel Land-pooling) लाई चालु आ.व. मा जग्गाको रेखाङ्कन तथा अभिलेखीकरण सम्पन्न गरी सम्बन्धित जग्गा धनीलाई लालपुर्जा वितरण गरिनेछ। साथै सो क्षेत्रको पूर्वाधार निर्माण गर्न नगर विकास कोषबाट ऋण प्राप्तिको प्रकृया अगाडि बढाइनेछ।

115. नगरपालिकाको फस्कोटमा औद्योगिक ग्राम निर्माणको कार्यलाई निरन्तरता दिइनेछ । Green Industry को अवधारणालाई कार्यान्वयन गर्न ग्रामभित्र प्रदुषण रहित उद्योगहरु मात्र स्थापना गर्ने व्यवस्था मिलाइने छ ।

**पर्यटन विकास**

116. देवीस्थान पार्कको बाँकी काम पूर्ण रुपमा सम्पन्न गरी नमुना पार्कको रुपमा विकास गरिने छ । उक्त पार्कमा निर्मित भवनमा जातजातिको पहिचान झल्काउने भेषभूषा तथा परम्परागत सामाग्रीहरुको प्रदर्शनीस्थल राख्ने व्यवस्था मिलाइने छ ।

117. काभ्रेभञ्ज्याङदेखि देवीस्थान तथा भट्टीडाँडादेखि देवीस्थान सम्मको पैदल मार्गमा हजारसिँढीकै ढाँचामा सिँढी निर्माण गरिनेछ ।

118. धुलिखेलको देवीस्थान जङ्गलमा धुलिखेल (DHULIKHEL) लेखी पर्यटनको लागि आकर्षणको केन्द्र बनाइनेछ ।

119. सूर्योदय पार्कबाट दारिमबोट डाँडासम्म GLASS BRIDGE बनाइ पर्यटकीय आकर्षण बढाउन आवश्यक पहल गरिनेछ ।

120. नगरको साँस्कृतिक सम्पदाहरुको संरक्षण गर्न भाषा, कला, जात्रा, पर्वको संरक्षण व्यवस्थापन कार्यलाई निरन्तरता दिईनेछ ।

121. देवीस्थान जङ्गलमा वन्यजन्तु संरक्षण केन्द्र स्थापना गर्न पहल गरिनेछ। सार्वजनिक यातायातबाट धुलिखेल घुम्न आउने विदेशी तथा आन्तरिक पर्यटकहरुलाई सुविधा दिन धुलिखेलमा अवस्थित होटलहरुको सहयोगमा शौचालय सहितको बस विसौनी निर्माण गर्न आवश्यक पहल गरिनेछ।

122. होमस्टेहरुमा स्थानीय नृत्य तथा मौलिक भेषभुषा तथा संस्कृति झल्कने कार्यक्रम सञ्चालनमा जोड दिंदै नगरपालिकाको तर्फबाट प्रविधि, स्रोत साधन र सीपको हस्तान्तरण गरिनेछ। होमस्टे सञ्चालित क्षेत्रहरुमा सडक, विद्युत, सञ्चार, खानेपानी लगायतका न्यूनतम पूर्वाधारहरुको विकास गरिने छ । उक्त क्षेत्रहरुमा फ्री वाईफाई र सि.सि. क्यामेरा जडान गरिनेछ। होमस्टे क्षेत्रहरुमा जैविक खेती, परम्परागत पशुपालन, मत्स्य तथा मौरीपालन जस्ता व्यवसायहरुको प्रवर्द्धन गर्न विशेष कार्यक्रम सञ्चालन गरी मौलिक पहिचान दिइनेछ।

123. नगरक्षेत्रभित्र रहेका सबै झरना, पोखरी, गुफा, ऐतिहासिक तथा धार्मिक महत्त्वका स्थलहरुको पहिचान गरी उक्त स्थलहरुको आवश्यक पूर्वाधारहरुको विकास गरिनेछ।वडा नं १ र २ मा रहेको छांगे झरना तथा वडा नं ११ को कपिलेश्वोर

झरना लाई पर्यटकीय गन्तब्यको रुपमा विकास गर्न आवश्यक पूर्वाधार निर्माण गरिनेछ |

124. देविटार र रबिओपी क्षेत्र कृषि पर्यटन,बतासे,शंखु,पातलेखेत लाई कृषि पर्यटन वडा नं ९ र ११को सिमानामा रहेको बछलादेवी मन्दिर र भिमचुलालाई पर्यटकीय क्षेत्रको रुपमा विकास गरिनेछ |
125. एक वडा एक बृहत पर्यटन गन्तब्यको रुपमा पहिचान गरी पूर्वाधार विकास गरिनेछ |
126. निजीक्षेत्रका पर्यटन उद्योगीहरुलाई आवश्यक पर्ने भौतिक पूर्वाधारहरुको सहज उपलब्धताका लागि नीतिगत सहजीकरण गरिनेछ ।
127. धुलिखेलमा आउने पर्यटकहरुको बसाइ दिन लम्ब्याउन पर्यटन व्यवसायीहरुको सहकार्यमा न्यूनतम ३ दिनको पर्यटन बसाइको भ्रमण प्याकेज निर्धारण गरी कार्यान्वयनमा ल्याइनेछ ।
128. पर्यटन सम्बन्धी निर्माण भइसकेका पूर्वाधारहरुको संरक्षण तथा संवर्धनको लागि आवश्यक बजेट व्यवस्थापन गरिनेछ ।
129. निजी क्षेत्रको साझेदारीमा पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने गरी केवुलकार/ जिपलाइन जस्ता प्रविधिको सञ्चालनको लागि सम्भाव्यता अध्ययनको कार्य गरिनेछ ।
130. धुलिखेल नगरपालिकालाई धार्मिक सहिष्णुतायुक्त शहर निर्माण गर्न धार्मिक आस्थासँग जोडिएका मठ मन्दिर निर्माण गरी अन्य आवश्यक प्रक्रियाको थालनी गरिनेछ ।
131. सघन शहरी क्षेत्रको ट्राफिक समस्यालाई समाधान गर्न उपयुक्त स्थानहरुलाई पार्किङ स्थलको रुपमा विकास गरिनेछ । पिपलबोट कमलपोखरी क्षेत्रको सार्वजनिक जग्गालाई संरक्षण गरी पर्यटकीय दृष्टिकोणले समेत आकर्षक देखिने पार्किङ स्थलको रुपमा विकास गरिनेछ ।

## कृषि विकास

132. कृषि यान्त्रिकीकरण, बीउ, प्रविधि तथा प्रशोधन एवम् भण्डारणमा अनुदानको व्यवस्थापन गरी कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने नीति लिइनेछ।
133. बैंकहरु सँगको समन्वयमा कृषिकार्ड मार्फत् बिना धितो कृषिऋण उपलब्ध गराउन समन्वय गरिने सो बमोजिम प्रवाह गरिने ऋणमा लाग्ने ब्याजमा आवश्यक अध्ययन गरी अनुदानको व्यवस्था मिलाइने छ ।

134. नगरक्षेत्रभित्र उत्पादन हुने प्रमुख अन्न वाली तथा तरकारीको बीउको स्रोत केन्द्र विकास गरिनेछ ।पोषणलाई मध्यनजर गरी प्रमुख रैथाने वालीहरुको संरक्षण र विस्तार गरिनेछ ।
135. कृषि र पशु प्राविधिकहरुको दक्षता अभिवृद्धि गरी प्रविधिको प्रयोग मार्फत किसानलाई कार्यस्थलमै तत्काल सेवा प्रवाह गर्ने प्रवन्ध गरिनेछ ।
136. सिंचाई सुविधा विस्तारको लागि स्रोतहरुको पहिचान तथा विकास गरिनेछ । सिंचाईको व्यवस्थापनका लागि प्लाष्टिक पोखरी, आकासे पानी सङ्कलन, स्प्रिंकल तथा थोपा सिंचाई जस्ता उपयुक्त प्रविधिहरुको विस्तार तथा प्रविधिहरुको हस्तान्तरण गरिनेछ । सार्वजनिक खुल्ला चौरहरुमा पोखरी निर्माण गरी बहुउपयोगमा ल्याइनेछ ।
137. आवश्यक स्थानमा दुग्ध चिस्यान केन्द्र, पशु स्रोत केन्द्र र डालेघाँस नर्सरी लगायतका सेवाहरु विस्तार गरिनेछ ।न्यूनतम १५ लिटर दैनिक दुग्ध उत्पादन गर्ने किसानहरुले उपयोग गर्ने प्रविधि तथा औजारहरुमा अनुदानको व्यवस्था मिलाइनेछ।
138. किसानको तथ्याङ्क सङ्कलन गरी कृषक परिचयपत्र वितरण गरिनेछ ।
139. माटो परिक्षण कार्यलाई विस्तार गरी माटोको गुणस्तर सुधारमा आवश्यक अनुदानको व्यवस्थापन गरिनेछ ।
140. **एक वडा एक उत्पादन** कार्यक्रमलाई प्रथमिकता दिई सघन कृषि उत्पादन प्रणालीको विकास गरिनेछ।
141. नगरका ग्रामीण बस्तीहरुमा अर्गानिक उत्पादनमा प्रोत्साहन दिँदै उक्त उत्पादनलाई स्थानीय बजारमा खपत गर्न निजी क्षेत्रसँग समन्वय र सहकार्य गरिनेछ।
142. धान, तरकारी, आलु, फलफूल र पुष्प व्यवसाय पकेट क्षेत्र घोषणा गरी कृषकको आय बृद्धि गर्न संघ तथा प्रदेश सरकारसँगको समन्वय र साझेदारी बढाउने नीति लिइनेछ।
143. सघन शहरी क्षेत्रमा नागरिकलाई खेती गर्ने आदतको विकास गर्न तथा परनिर्भरता न्यूनीकरण गर्न करेसाबारी तथा कौसी खेती कार्यक्रम सञ्चालन गर्ने नीति लिइनेछ। सार्वजनिक बाँझो जमिनमा सामुहिक खेती गर्न कृषक समूहलाई प्रोत्साहन गरिनेछ।
144. कृषि उत्पादनको मूल्य अभिवृद्धि गर्न तथा उत्पादनोपरान्तको क्षतिलाई न्यूनीकरण गर्न कृषि उपजमा आधारित प्रशोधन उद्योग स्थापना गर्न प्रोत्साहन गरिनेछ।

145. न्यूनतम एक रोपनी क्षेत्रफलमा आधुनिक प्रविधिको उपयोग गरी खेती गर्ने किसानहरुलाई कृषि मिटर जडान खर्चमा शत प्रतिशत अनुदान उपलव्ध गराइने छ ।
146. नगरलाई धान र मकै बालीमासमेत आत्मनिर्भर बनाउन सघन कार्यक्रम सञ्चालन गरिनेछ ।
147. निजी सामुदायिक बन भित्रका अनुपयोगी बुट्यान हटाइ घाँसक्षेत्र विस्तार गर्न किसान तथा बन उपभोक्ता समूहलाई प्रोत्साहन गरिनेछ ।

## पशु विकास

148. पशु स्वास्थ्यलाई मध्येनजर गरी पशु रोगको निदान र उपचारलाई प्राथमिकता दिइनेछ । खोप, पशु चिकित्सा, औषधि, पोषणयुक्त आहारमा किसानको पहुँच वृद्धि गरिनेछ ।गोवर परीक्षण कार्यक्रम विस्तार गरिनेछ ।
149. व्यवसायिक पशुपंक्षी फार्महरु वातावरण तथा प्रविधिमैत्री बनाउन मापदण्ड तयार गरी लागू गरिनेछ।
150. आवश्यकता बमोजिम सबै वडामा कृषि तथा पशु प्राबिधिकको सेवा क्रमिक रुपमा विस्तार गरिनेछ |
151. पशुजन्य उत्पादन प्रवर्द्धनका लागि नश्ल सुधार, कृतिम गर्भाधान, पशु आहार प्रवर्द्धन र पशुजन्य व्यवसायमा लागत न्यूनीकरण गर्न यान्त्रिकीकरणमा जोड दिइने छ।
152. पशुपालकहरुले व्यहोर्नु पर्ने पशुवीमा प्रिमियमको १५ प्रतिशत नगरपालिकाको तर्फ उपलब्ध गराउने व्यवस्थालाई नियमितता दिइनेछ।
153. थुनेलो रोग नियन्त्रणका लागि गोठसुधार कार्यक्रम अभियानको रुपमा विस्तार गरिनेछ।
154. नगर क्षेत्र भित्र F.M.D, P.P.R, Rabies, H.S. B.Q. लगायतका रोग तथा महामारी नियन्त्रणको लागि पूर्ण खोपयुक्त नगर बनाइनेछ ।
155. नगरलाई दुध र मासु तथा फुलमा आत्मनिर्भर बनाउन उपयुक्त भूगोललाई गाईभैंसी र बाख्रा / कुखुरा पकेट क्षेत्रको रुपमा विकास गरिनेछ ।
156. स्वास्थ्यकर मासु तथा दुग्ध उत्पादन तथा वितरणलाई सुनिश्चित गर्न वधशाला, मासु पसल, फार्म तथा डेरीको मापदण्ड तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।

157. पशुपालकलाई पशुपालन सम्बन्धी आधारभूत ज्ञान र सिपको अभिवृद्धि गर्न आवश्यक तालिम कार्यक्रम सञ्चालन गरिने छ। पशुपालकहरुलाई प्रोत्साहन गर्न उत्कृष्ट किसान सम्मान कार्यक्रम सञ्चालन गरिनेछ ।

**सहकारी विकास**

158. सहकारीहरुको प्रभावकारी अनुगमन तथा मूल्याङ्कन गरिनेछ । राम्रो काम गर्ने सहकारीलाई प्रोत्साहन गर्ने, निष्क्रिय रहेका सहकारीलाई खारेजी वा अन्य सहकारीमा समाहितीकरणको नीति अवलम्वन गरिनेछ।
159. विशिष्टिकृत सहकारी सञ्चालनको नीति अवलम्वन गरिनेछ । सहकारी एकीकरण गर्ने प्रकृयालाई जोड दिइने छ ।एकीकरणमा जाने सहकारीहरुले नगरपालिकामा बुझाउनु पर्ने पाँच वर्षको शुल्क मिनाहा गरिनेछ ।
160. नगर क्षेत्रको आर्थिक र सामाजिक रुपान्तरणका लागि सहकारी र वित्तीय क्षेत्रलाई परिचालन गर्ने नीति लिइनेछ। सहकारीको माध्यमबाट गरीब, विपन्न वर्गका सदस्यको संलग्नतामा सञ्चालन हुने उत्पादन र लगानी आम नागरिकको पहुँच स्थापित गर्न सहकारी संस्था र नगरपालिकाको साझेदारी कार्यक्रमहरु सञ्चालन गरिनेछ।
161. नगरको आर्थिक विकासको निमित्त “एक वडा एक नमुना सहकारी, एक सहकारी एक उत्पादन कार्यक्रम” सञ्चालन गरिनुका साथै सहकारी संघसंस्थाहरुसँगको साझेदारीमा तरकारी सङ्कलन तथा विक्री कक्षको विस्तार गरिनेछ।
162. रासायनिक मल तथा बिउ विजन कृषकहरु समक्ष सहज रुपमा उपलब्ध गराउन स्थानीय सहकारी संस्था परिचालनलाई निरन्तरता दिइने छ ।
163. उत्पादनमुलक सहकारीहरुको कार्यक्षेत्र भित्र संचालन गरिने विषयक्षेत्रका कार्यक्रमहरु सहकारी संस्था मार्फत संचालन गरिनेछ |

**गरिवी न्यूनीकरण तथा रोजगारी तथा उद्यम विकास**

**अध्यक्ष महोदय**

164. नागरिक स्तरमा स्वरोजगार सृजना गर्न र गरिवी न्यूनीकरण गर्न सरकार तथा नीजि क्षेत्रसँग साझेदारीमा सिप तथा उद्यमशिलता तालिम अभियान सञ्चालन गरिनेछ ।
165. गरिवी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम मार्फत थप ८० जना नयाँ उद्यमी सिर्जना र ४० जना पुराना उद्यमीहरुको लघुउद्यमहरुको स्तरोन्नति गरिनेछ ।

166. स्थानीय उत्पादनहरुको प्रवर्द्धन गर्न होटल व्यवसायी संगको समन्वयमा उत्पादनको विवरण सहितको आकर्षक प्याकेजिङ्ग नमुना नगर क्षेत्रभित्रका होटलहरुमा राखी बिक्रि वितरण गर्ने व्यवस्था मिलाइने छ |
167. बेरोजगारहरुको तथ्याङ्क तथा अभिलेख व्यवस्थित गरी एक बेरोजगार एक सिप प्रवर्द्धन गरी सार्वजनिक निर्माण कार्यमा निजहरुको अवद्धता बढाइनेछ ।
168. टोल विकास समिति सशक्तीकरण गरी भौतिक पूर्वाधार निर्माणमा साझेदार संस्थाको रुपमा विकास गरिनेछ ।
169. अपाङ्ग तथा महिलाहरुद्वारा सञ्चालित उद्योग तथा व्यवसायहरुको ५ लाख सम्मको ऋणको ब्याजको ५० प्रतिशत नगरपालिकाले तिर्ने व्यवस्थालाई निरन्तरता दिएको छु ।
170. नगर तथा वडास्तरका पूर्वाधार योजना नगरमा सूचीकृत बेरोजगारहरुको उपभोक्ता समितिद्वारा कार्यान्वयन गर्दा सो आयोजनाको ज्याला बराबरको रकम प्रधानमन्त्री रोजगार कार्यक्रमबाट थप गरिने छ ।

**वन वातावरण तथा विपद व्यवस्थापन**

171. सरकारी, गैरसरकारी तथा निजीक्षेत्रको सहकार्यमा चालु आर्थिक बर्षमा कम्तिमा एकलाख वृक्षारोपण गरिनेछ । खाली पाखा तथा जमिनहरु साथै व्यक्तिगत जमिनहरुमा डाले घास, फलफुल तथा उच्च मूल्यका काष्ठजन्य प्रजातिको वृक्षारोपण गर्न प्रोत्साहन गरिने छ ।
172. टुँडिखेल पार्कलाई रोज (गुलाब )पार्कको रुपमा विकास गरिने छ । पार्कको व्यवस्थापन संरक्षण र उपयोग गरी नगरको राजश्व बढोत्तरी गर्न निजी क्षेत्रको परिचालन गरिनेछ । पुष्प व्यवसायको प्रवर्द्धन गर्न सबै वडाको कम्तिमा एक स्थानमा विशेष प्रजातिका फूल बगैंचाको रुपमा विकास गरिनेछ |
173. वन उपभोक्ता क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ । सबै सामुदायिक वनको कार्ययोजना अध्यावधिक गरिनेछ ।जलसञ्चय तथा माटोको उर्वराशक्तिमा कमजोर देखिएको सल्लो प्रतिस्थापन अभियान सञ्चालन गरिनेछ ।
174. वृक्षारोपण गरिएका बिरुवाहरुको संरक्षणको लागि आवश्यक पहल गरिने छ |
175. सार्बजनिक जग्गा, नदी किनार, सरकारी कार्यालय तथा विद्यालय परिसरमा वृक्षारोपण गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

176. ग्रामीण क्षेत्रको  हरेक वडाहरुमा नर्सरी स्थापना गरिने छ । उक्त नर्सरीबाट फलफुल डालेघाँस तथा काठजन्य विरुवाको उत्पादन तथा वितरण गरिने छ ।

177. पानीको मुहान तथा सिमसार क्षेत्रको संरक्षण तथा नगरक्षेत्रभित्र रहेका पुराना हिटि तथा पोखरीको पुनर्निर्माण, संरक्षण तथा सम्वर्द्धन गरिनेछ।

178. जिरो कार्वन शहर अभियानलाई निरन्तरता दिइने छ ।यसका लागि राष्ट्रिय तथा अन्तराष्ट्रिय साझेदार सस्थासँग समन्वय तथा सहकार्य गरिनेछ ।

179. विकास साझेदारहरुसँगको सहयोगमा नगरभित्र  हाइड्रोजन तथा विद्युतीय बस सञ्चालनको सम्भाव्यता अध्ययन गरिने छ ।

180. फोहरलाई पुनः प्रयोग र प्रशोधन गर्न स्रोतमा नै वर्गीकरण गर्ने व्यवस्था मिलाइनेछ। कुहिने फोहरलाई घरमै मल बनाउन प्रोत्साहन गरिनेछ ।

181. नगर क्षेत्रभित्रको फोहरमैलाको दीगो व्यवस्थापनको लागि फोहरको सङ्कलन, ढुवानी र रुपान्तरण गर्न प्रतिस्पर्धात्मक विधिबाट अघि बढाइनेछ।

182. वातावरण संरक्षण र प्रवर्धनका लागि वैज्ञानिक उपायहरु अवलम्वन गर्नुका साथै चालिस माइक्रोन भन्दा पातलो प्लास्टिक झोलाको प्रयोगलाई निषेध गरिनेछ। प्लास्टिक झोलाको सट्टा कपडा, जुट वा कागजको झोला उत्पादन, बिक्रिवितरण र प्रयोगलाई प्रोत्साहन हुने किसिमका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

183. फोहोरमैला सङ्कलन गर्न आवश्यकताका आधारमा सबै वडाहरुमा सङ्कलन सेवा विस्तार गरिने छ । फोहोर मैला प्रशोधन केन्द्रको लागि  आवश्यक पूर्वाधार निर्माण गरिने छ । नगर भित्रका ढल प्रशोधन केन्द्रहरुलाई मर्मत गरी सञ्चालनमा ल्याइनेछ ।

184. फोहोर संकलन हुने प्रमुख स्थलहरुमा सुरक्षित कन्टेनरको व्यवस्था गरिनेछ |

185. अरनिको राजमार्ग, बिपी राजमार्ग तथा बनेपा पनौती सडकको मुख्य बस स्टपहरु लगायत नगरका विभिन्न स्थलहरुमा सार्वजनिक शौचालयहरुको निर्माण गरी  सो को व्यवस्थापन र संरक्षण गर्न शौचालय नजिक एक/एक पसल निर्माण गरी वेरोजगार अति विपन्न घर परिवारलाई निःशुल्क व्यवस्थापनको जिम्मा दिइने छ ।

186. सबै  वडा केन्द्रका सघन वस्तीहरुमा सडक बत्तीको पहुँच विस्तार गरिनेछ |

187. सार्वजनिक उपयोग तथा सडक बत्तीलाई मिटरमा आधारित बनाई नगरभित्रको विद्युतीय चुहावटबाट हुने महशुलको भार कम गरिनेछ ।

188. आर्थिक वा भौगिलिक कठिनाइका कारणले विद्युतको पहुँच नपुगेका घरधुरीमा निःशुल्क विद्युत जडानको प्रबन्ध मिलाइने छ । विद्युतको उपयोगलाई बढाइ ग्याँस

तथा दाउराको प्रयोग न्यूनीकरण गर्न प्रोत्साहन गरिने छ ।सबै विपन्न परिवारलाई विद्युतीय चुल्होमा अनुदान उपलब्ध गराइनेछ।

189. विपदमा परेका नागरिकलाई घटना स्थलमै राहत उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

190. विपदको समस्या पहिचान तथा न्यूनीकरण गर्न विपद् प्रतिकार्य योजना निर्माण गरिने छ ।

191. नगरस्तरीय विपद् व्यस्थापन केन्द्र स्थापना गरी विपद् उद्धार तथा राहत सामग्री, दक्ष जनशक्ति तथा भरपर्दो सूचना प्रणालीको व्यवस्था मिलाइनेछ ।

**सूचना, सञ्चार तथा प्रविधि**

192. नगरका संवेदनशील क्षेत्रको सुरक्षाको लागि प्रभावकारी देखिएको सिसिटिभी क्यामरा थप स्थानहरुमा जडान गरी नागरिक सुरक्षा प्रणालीलाई थप व्यवस्थित गरिनेछ ।

193. भवन ईजाजत प्रणालीलाई झण्झटरहित बनाउन यसै बर्षबाट विद्युतीय भवन निर्माण इजाजत प्रणाली (EBPS) लागू गरिने छ ।

194. वडा बाट हुने सबै प्रकारका सिफारिसहरुमा एकरुपता ल्याउन सिफारिस व्यवस्थापन प्रणाली विकास गरी लागु गरिने छ |

195. प्रशासनिक कार्यलाई कागजरहित बनाउन आवश्यक सूचना प्रविधि पूर्वाधार सहित सफ्टवेयर तथा मोवाईल एप्लिकेशनहरुको प्रयोगमा जोड दिने योजना अनुरुप यसै बर्ष देखि डिजिटल सिग्नेचरको प्रयोग गरिनेछ |

196. वडा कार्यालयहरुमा बडापत्र सहितको डिजिटल डिस्प्लेको व्यवस्था गरी नगरका सबै सूचना तथा जानकारीहरु एकै साथ सबै वडामा पुग्ने गरी सूचना प्रवाहको व्यवस्था मिलाइने छ |

197. पत्रकारिता क्षेत्रको, प्रवर्द्धन एवम् विकासका लागि पत्रकार महासंघ लगायत सञ्चारक्षेत्र सम्बद्ध निकायहरुसँग समन्वय गरी सञ्चारमैत्री कार्यक्रम सञ्चालन गर्ने नीति लिइनेछ। एकै स्थानबाट सूचना तथा सञ्चारको व्यस्थापनका लागि मिडिया सेन्टरको स्थापना गर्न पहल गरिनेछ ।

198. थप वडाहरुमा आफ्नै अप्टिकल फाइबर जडान गरी नगरपालिका केन्द्रसँग सोझै जोडिनेछ । यसबाट वडाहरुमा इन्टरनेट राजश्व सङ्कलन, सिसि क्यामेरा सर्भेलेन्स, ई हाजिरी व्यवस्थापन लगायतका कार्यमा सहजीकरण हुनेछ ।

199. सबै कर्मचारीहरुलाई सूचना प्रविधिमैत्री बनाउनको लागि सूचना प्रविधि सम्वन्धी प्रशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।

200. कार्यालयको सबै तथ्याङ्क विद्युतीय संग्रहणको लागि व्यवस्था गरिएको सर्भरको अपग्रेड र डाटा ब्याकअपको प्रबन्ध गर्ने तथा Cyber threats बाट बचाउनको लागि Firewall system, SSL Certificate को व्यवस्था गरिने छ ।

201. कार्यालयमा प्रयोग भएका सबै सफ्टवेयहरुलाई एकीकृत गरी सञ्चालनमा ल्याइनेछ।

**सेवा प्रवाह, संस्थागत विकास तथा सुशासन**

202. सेवामा नागरिकको अधिकार स्थापित गर्न क्षतिपूर्ति सहितको नागरिक बडापत्र लागू गर्न आवश्यक अध्ययन गरिनेछ।

203. सेवा प्रवाहका हरेक चरणमा प्रविधिको उपयोग तथा विस्तार गरी सेवा प्रवाहलाई सरलीकरण गरिनेछ । सेवाहरुलाई प्रथम चरणमा कम्प्युटर प्रविधिमा आधारित तथा दोस्रो चरणमा इन्टरनेटमा आधारित बनाई Digital Demand, Digitally Serve को नीति अवलम्वन गरिनेछ ।

204. आम नगरवासीलाई सेवा तथा सूचना दिने प्रयोजनको लागि सञ्चालित मोवाइल एपमार्फत् नगरपालिकाबाट प्रदान गरिने सेवा, सोको कार्यप्रक्रिया, सूचना तथा सार्वजनिक जानकारीका विषयहरु तथा नागरिकरुको दैनिकीसँग जोडिएका विविध विषयहरु नगरबासीको हात हातमा पुऱ्याइनेछ ।

205. नगरपालिकाबाट उपलब्ध हुने सेवाहरु असहाय, अपाङ्ग, बृद्धबृद्धा एवम् दृष्टिविहिनहरु लगायत सबै प्रकारका फरक शारीरिक क्षमताका नागरिकले प्राप्त गर्ने गरी नागरिकमैत्री वातावरणको व्यवस्था मिलाइने छ ।

206. कर्मचारीहरुको कार्य सम्पादनमा अधारित प्रोत्साहन प्रणाली लागु गरिने छ । कर्मचारीहरुको कार्य सम्पादन मूल्याङ्कन पद्धतिलाई प्रभावकारी र वैज्ञानिक बनाई सेवामुखी एवम् जवाफदेही बनाइनेछ ।

207. पारदर्शिता एवम् सुशासनका लागि नगरपालिकासँग सम्बन्धित सूचनाहरुलाई विद्युतीय तथा छापा सञ्चार माध्यमबाट सार्वजनिकीकरण गरिनेछ । राजपत्रको नियमित प्रकाशनको व्यवस्था गरिनेछ । नगरपालिकाले तर्जुमा गरेका सबै नीति तथा कानूनहरु नगरपालिकाको वेवसाइटमार्फत् सार्वजनिक गरिनेछ । वेवसाईट नियमित रुपमा अद्यावधिक गर्ने व्यवस्था मिलाएको छु ।

208. कर्मचारीको सेवा व्यवस्थापन गर्न नगरपालिकाको स्थानीय सेवा ऐन तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

209. वडा तथा नगरपालिकामा कार्यरत कर्मचारीको क्षमता विकास गर्न कार्य क्षमता तथा रुचिको आधारमा स्थानान्तरण तथा जिम्मेवारी हेरफेरको नीति अवलम्वन गरिनेछ ।

210. नगरपालिकाको संस्थागत क्षमता अभिवृद्धि तथा मानव संसाधन विकासका लागि नगर क्षमता विकास योजना तर्जुमा गरी लागू गरिनेछ ।

211. वडा कार्यालयलाई नागरिकहरुको पहिलो र नजिकको सरकारको रुपमा विकास गर्न भौतिक सुविधा सम्पन्न गर्रिंदै लगिनेछ । नागरिक वडापत्रमा नियमित अद्यावधिक गरिनेछ । श्रव्यदृष्य माध्यमको उपयोग गरी नागरिकको सहज पहुँच स्थापित गरिनेछ।

212. आयोजना तथा कार्यक्रमहरुको सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण जस्ता कार्यहरुबाट पारदर्शिता एवम् स्थानीय सुशासन कायम गरिनेछ । गुनासो सुन्ने र समाधान गर्ने परिपाटीको विकास गरिनेछ । सार्वजनिक खरिद प्रक्रियालाई पारदर्शी र विश्वसनीय बनाइनेछ। विकास कार्यहरुको व्यवस्थित अनुगमन प्रणाली स्थापना गरी कार्यान्वयन गरिनेछ ।

213. कार्यालयमा रहेका पुराना सवारी साधनहरुको मर्मत सम्भार खर्च न्यूनीकरण गर्न त्यस्ता साधन लिलामविक्री वा हस्तान्तरणको प्रक्रिया सम्पन्न गरिनेछ।

214. उपभोक्ता समितिमार्फत कार्यान्वयन हुने आयोजनाको लागि नियमित घुम्तिटोलीमार्फत् वडा कार्यालयबाट आयोजना सम्झौताको प्रबन्ध गरिनेछ ।पचासलाख वा सो भन्दा माथिका विकास आयोजनाको नियमित सुपरिवेक्षणका लागि फिल्ड सुपरभाइजरको व्यवस्था गरिनेछ ।

215. गत वर्ष गरिएको दीगो विकासका चारवटा लक्ष्यहरुको स्थानीय पुनरावलोकन (Local Review) ले नगरपालिकाको साख विश्वजगतमा समेत बढेको तथा विषयगत नीति निर्माणमा बलियो आधार प्रदान गरेकोले बाँकी संभाव्य लक्ष्यहरु समेतको पुनरावलोकनका लागि विकास साझेदारहरुसँग सहकार्य गरिने छ । विद्यमान सूचकहरुको आधारमा नगरस्तरका उन्नत सूचकहरु निर्धारण गरी लक्ष्य प्राप्तिका लागि नगरपालिकाका क्रियाकलापहरु सामायोजन तथा आन्तरिकीकरण गरिनेछ ।

216. नगरको अर्थतन्त्रको यथार्थ चित्रण गर्न र आर्थिक विकासका क्रियाकलापहरुलाई लक्षोन्मुख गराउन धुलिखेल नगरको समग्र अर्थतन्त्र (Micro Economic status ) को अवस्था अध्ययन गरिनेछ । सोको आधारमा आर्थिक विकासका गतिविधिहरु निर्धारित गरिनेछ ।

## राष्ट्रिय तथा अन्तराष्ट्रिय सम्बन्ध

217. सदस्यता प्राप्त गरेका अन्तर्राष्ट्रिय सघ संगठनहरुमार्फत् नगरपालिकाको बहुक्षेत्रीय विकासकालागि सहयोग तथा साझेदारीको प्रवर्द्धन, अन्तर्राष्ट्रिय अनुभव तथा अभ्यासहरुको आदान प्रदान गर्न तथा कर्मचारीहरु र जनप्रतिनिधिहरुको क्षमता विकासका लागि अधिकतम प्रयत्न गरिनेछ ।

218. शहरी विकास तथा सडकको स्तरीय व्यवस्थापन सम्वन्धी कार्य गर्ने अन्तर्राष्ट्रिय संस्था IRF(International Road Federation) सँग र अन्तर्राष्ट्रिय स्तरमा भइरहेका विकासका गतिविधिको प्रत्यक्ष अध्ययन, अवलोकन र अनुकरण गर्न प्रभावकारी माध्यमको रुपमा रहेको अन्तर्राष्ट्रिय संस्था ICLEI(Local Government for Sustainability) को सदस्यता प्राप्त गर्ने तर्फ पहल गरिनेछ ।

219. स्थानीय सरकार सञ्चालनका अभ्यास र अनुभवलाई आदान प्रदान गरी नगरको शासन प्रणालीलाई मजबुत बनाउन फरक पहिचान भएका देश तथा विदेशका स्थानीय तहहरुसँग मित्रवत सम्वन्ध स्थापना गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

**राजश्व परिचालन**

220. राजश्व सङ्कलन विद्युतीय सूचना प्रणालीको आधारमा गरिने छ । जनतालाई कर तिर्न नगरपालिकाको कार्यालय मै आउनु पर्ने समस्याको पूर्णरुपमा समाधान गरिने छ ।
221. प्रत्येक वडाहरुमा कर अभियान सञ्चालन गरी कर सङ्कलनमा सहजता ल्याउने कार्यलाई नियमिता दिइने छ ।
222. राजश्व सङ्कलनका लागि विभिन्न सरोकारवालाहरुसँग गरिएको साझेदारी सम्झौताको समीक्षा र पूनरावलोकन समेत गरिनेछ ।
223. नगरपालिकाको लागि भरपर्दो कर प्रणाली सम्पत्ति कर नै हो भन्ने मान्यतालाई स्वीकार गर्दै एकीकृत सम्पत्ति करको लागि गरिने जग्गाको मूल्याङ्कन कार्यलाई जग्गाको न्युनतम मूल्याङ्कनसँग तादात्म्यता कायम गर्ने नीति लिइने छ । यसलाई स्थानीय स्रोतको मेरुदण्डको रुपमा विकास गरिने छ । साथै घर संरचनाको मूल्याङ्कनलाई सामयिक परिमार्जन गरिनेछ ।
224. बहालमा लगाइएका सम्पत्तिहरुको बहाल बन्दोबस्त गर्दा तथा आय सङ्कलन कार्य अन्य संस्था मार्फत् गराउँदा प्रतिस्पर्धात्मक विधि अपनाई प्रचलित बजारदरको आधार कायम गरी बहाल बन्दोबस्त गर्दै लगिनेछ ।
225. हरित भवनको मापदण्ड पूरा भएका भवनको नक्सा पास गर्दा ५ बर्ष सम्मसम्पत्ति कर निर्धारण गर्दा लाग्ने करमा १० प्रतिशत तथा अण्डर ग्राउण्ड पार्किङ्ग बनाउने भवनमा नक्सापास दस्तुरमा १० प्रतिशत छुटको नीति लिइनेछ ।
226. राजश्व परामर्श समितिले दिएको प्रतिवेदनका आधारमा करका दरमा समायोजन, छुट तथा सहुलियत प्रदान गरिनेछ ।
227. नगर भित्र रहेका कर योग्य क्षेत्रलाइ करको दायरामा ल्याउने र करहरुलाई समयसापेक्ष बनाउँदै करका दायरा फराकिलो बनाइनेछ ।
228. कर प्रक्रियालाई सरलीकृत गर्दै सूचना प्रविधिको प्रयोग बढाइ दक्ष र सुदृढ राजश्व प्रशासनको सुनिश्चतता गरिने छ ।
229. अपाङ्ग परिचय पत्र भएको धुलिखेल नगरपालिकाको स्थायी बासिन्दा ब्यक्तिको सम्पत्ति कर, सडक वत्ती शुल्क र विपद् व्यवस्थापन शुल्कमा सतप्रतिशत छुट दिने व्यवस्था मिलाएको छ।

**सभाध्यक्ष महोदय**

230. नागरिकहरुलाई सर्वसुलभ रुपमा न्याय दिने परिकल्पना सहित गठन भएको न्यायिक समितिलाई क्षमता विकास तथा स्रोत साधन सम्पन्न बनाई प्रभावकारी रुपमा न्याय सम्पादन हुने गरी आवश्यक बन्दोबस्त गरिने छ । न्यायिक समितिको कार्यमा सघाउने सामुदायिक मेलमिलापकर्ताहरुको क्षमता विकासका कार्यक्रमहरुलाई निरन्तरता दिईने छ ।
231. कानूनमा आधारित स्थानीय शासनको प्रवर्द्धन गर्न स्थानीय सरकारको क्षेत्राधिकारभित्रका सबै विषय क्षेत्रका कानूनहरुको तर्जुमा गरिने छ । विद्यमान कानूनहरुलाई अभ्यास र अनुभव समेतको आधारमा सामयिक परिमार्जन गरी समृद्ध बनाइने छ ।
232. कला साहित्य खेलकुद लगायत धुलिखेलको समृद्धिमा योगदान गर्ने नागरिकलाई अभिनन्दन तथा सम्मान गरिने कार्यलाई निरन्तरता दिइनेछ ।
233. वैदेशिक रोजगारीलाई गुणस्तरीय मर्यादित र सुरक्षित बनाउन सो सम्वन्धी सूचना तथा जानकारीको प्रवाह गर्ने, वित्तीय साक्षरता सञ्चालन गर्ने आश्रित परिवारलाई मनोसामाजिक परामर्श प्रदान गर्ने कार्यक्रमलाई अझ प्रभावकारी बनाइने छ ।
234. एक घर एक बैंक खाता नीति अनुरुप हरेक परिवारमा एक बैंक खाता खोल्न नगरपालिकाको तर्फबाट आवश्यक कार्यक्रम गरिने छ ।
235. विद्युतीय भुक्तानी (e-payment) मा नागरिकलाई अभ्यस्त गराउन सो माध्यमद्वारा राजस्व बुझाउने नगरवासी करदाताहरुलाई बुझाएको कर रकमको २ प्रतिशत छुट दिने व्यवस्था मिलाएको छु ।
236. विद्यालय, स्वास्थ्य संस्थाहरु एवम् वडा कार्यालयहरुमा इन्टरनेट सेवा निःशुल्क उपलब्ध गराइने छ ।

**सार्वजनिक सम्पत्तिको संरक्षण तथा व्यवस्थापन**

237. स्थानीय गुठियार वा टोल विकास संस्था मार्फत् सार्वजनिक नीजि साझेदारी अवधारणा अनुरुप साँस्कृतिक सम्पदाको संरक्षण, मर्मत सम्भार आदिको व्यवस्थापन गरिने छ ।

238. सार्वजनिक जग्गाको संरक्षण गर्न सार्वजनिक जग्गालाई सदुपयोग गरी कृषि योग्य जमिनमा उत्पादन मुलक कृषि उपज र फलफूल खेती गर्न निजी क्षेत्र परिचालन गरिने छ।

239. साँस्कृतिक सम्पदा रहेको स्थान र वडाहरुमा परम्परागत पुरातात्त्विक शैलीमा घर निर्माण गर्नका लागि खर्च हुने निर्माण समाग्री इँटा वा काठमा अनुदान दिने सम्बन्धमा आवश्यक अध्ययन गरिनेछ ।

240. सामुदायिक विद्यालय समायोजन भइ रिक्त रहेका भवन र जग्गाहरुको संरक्षण गरी व्यवसायमूलक ढङ्गबाट नगरपालिकाको आन्तरिक स्रोत बढाउन निजी क्षेत्रलाई व्यवस्थापन जिम्मा दिइने छ ।

241. नगरपालिका क्षेत्रको वातावरण स्वच्छ राख्न सामूदायिक वन, सडक दायाँबायाँ, पार्क, सार्वजनिक जग्गामा वातावरण अनुकुल अनुसारको फलफूलका विरुवा रोपणको कार्य सञ्चालन गरिनेछ ।

242. नगरपालिका क्षेत्र भित्र रहेका साँस्कृतिक सम्पदा, सामुदायिक वन, सरकारी वन, सामुदायिक भवन, पर्यटकीय स्थल, खानेपानी स्रोत, सिचाइ, सडक/ढल आदि सार्वजनिक सम्पतिहरुको अभिलेखीकरण गरी संरक्षण कार्यलाई अगाडि बढाइने छ । उल्लिखित कार्यको लागि प्रत्येक वडा/टोल विकास संस्थामा आवद्धता गर्ने र नागरिकहरुलाई जनचेतना जगाउन सचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ साथै अवलोकन भ्रमणसमेत गराइनेछ।

**अब म माथिका क्षेत्रगत नीति तथा कार्यक्रम कार्यान्वयनका लागि बजेटको बाँडफाँट र स्रोत व्यवस्थापनको अनुमान यस सभा समक्ष पेश गर्ने अनुमति चाहन्छुः**

आगामी वर्षको क्षेत्रगत नीति तथा कार्यक्रम कार्यान्वयन गर्न १ अर्ब ३५ करोड विनियोजन गरेकोछु। कुल विनियोजन मध्ये चालु खर्च तर्फ ६४ करोड ३ लाख ८ हजार अर्थात् ४७.४३ प्रतिशत, पूँजिगत खर्च तर्फ ७० करोड ५६ लाख ७२ हजार अर्थात् ५२.२७ प्रतिशत र वित्तीय व्यवस्था तर्फ ४० लाख अर्थात् ०.३० प्रतिशत रहेकोछ।

आगामी आर्थिक बर्षका लागि अनुमान गरिएका खर्च बेहोर्ने स्रोत मध्ये आन्तरिक राजश्व (मौज्दातसमेत) बाट २१ करोड १ लाख २७ हजार अर्थात् १५.५६ प्रतिशत, राजश्व बाँडफाँटबाट २१ करोड ६५ लाख ६६ हजार अर्थात् १६.०४ प्रतिशत, संघ सरकार अन्तरसरकारी हस्तान्तरणबाट ४७ करोड ७८ लाख अर्थात् ३५.३९ प्रतिशत, प्रदेश सरकार अन्तरसरकारी हस्तान्तरणबाट ६ करोड ८५ लाख ७ हजार अर्थात् ५.०७ प्रतिशत,

अन्य कार्यक्रम तथा परियोजनाबाट ३४ करोड ९५ लाख अर्थात् २५.८९ प्रतिशत र जनसहभागिताबाट २ करोड ७५ लाख अर्थात् २.०४ प्रतिशत प्राप्त हुने अनुमान छ।

**सभाध्यक्ष महोदय,**

गत आर्थिक बर्ष २०७७/०७८ मा आय तर्फ ९५ करोड २० लाख ४० हजार ६ सय ८० रुपैयाँ भएकोमा, चालु खर्च ५० करोड २२ लाख ६२ हजार ४४६ रुपैयाँ, पूँजिगत खर्च ३२ करोड ९७ लाख ९१ हजार ७०२ रुपैयाँ र वित्तीय व्यवस्थापन खर्च १२ लाख ९७ हजार १०१ समेत गरी जम्मा ८३ करोड ३३ लाख ५१ हजार २४९ रुपैयाँ खर्च अर्थात् ८७.५३ प्रतिशत वित्तीय प्रगति भएको छ। विस्तृत विवरण अनुसूची संलग्न गरेकोछु।

चालु आर्थिक बर्ष २०७८/७९ मा १ अर्व १५ करोड १५ लाखको अनुमान भएकोमा २०७८ जेष्ठ मसान्तसम्म ९८ करोड ८ लाख ७२ हजार ४४८ खुद आम्दानी अर्थात् ८५.१८ प्रतिशत प्रगति भएकोमा सोही अवधिमा खर्च ८१ करोड ७ लाख ९३ हजार ४३१ हुन भई ७०.४१ प्रतिशत प्रगति भएको छ। सो को विस्तृत विवरण समेत अनुसूची संलग्न गरेकोछु।

**सभाध्यक्ष महोदय,**

नगरपालिकाको तर्फबाट नगरको सम्पूर्ण विकासको लागि मार्गदर्शनको रुपमा रहेको आ.व. ०७९/०८० को वार्षिक नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्ने प्रक्रियामा प्रत्यक्ष तथा परोक्ष रुपमा सहयोग पुऱ्याउनु हुने सम्पूर्ण नगरवासी दाजुभाइ तथा दिदीबहिनीहरुमा धन्यवाद दिन चाहन्छु। नीति तथा कार्यक्रम तर्जुमाका सिलसिलामा राजस्व परापर्श समिति, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, विषय क्षेत्रगत समितिहरु, बजेट तथा कार्यक्रम तर्जुमा समिति, कार्यपालिकाका सदस्यज्यूहरु, नगरपालिकाका कर्मचारीहरु, नगरसभाका सदस्यज्यूहरुको विकास प्रतिको एकता, संवेदनशीलता तथा क्षेत्रगत सूचनाको जानकारी, सहभागिता एवम् पृष्ठपोषण हाम्रा लागि अत्यन्त महत्वपूर्ण रह्यो। नीति, कार्यक्रम तथा बजेट तर्जुमामा प्रत्यक्ष अप्रत्यक्ष सघाउ पुऱ्याउनु हुने राजनीतिक दलहरु, सरकारी कार्यालय, गैर-सरकारी संघ संस्था, नागरिक समाज, उद्योगी व्यवसायी, बुद्धिजीवि, सञ्चारकर्मी साथै सम्पूर्ण कर्मचारी साथीहरु प्रति हार्दिक आभार ब्यक्त गर्न चाहन्छु। वार्षिक बजेट नीति तथा कार्यक्रम तर्जुमा गर्न जति सहज हुन्छ यसको कार्यान्वयन पक्ष महत्त्वपूर्ण हो। हामीले तर्जुमा गरेका कतिपय नीति तथा कार्यक्रहरु सम्पादन गर्न सबैको सहकार्य, साझेदारी तथा रचनात्मक सहयोगको आवश्यकता पर्दछ। अतः यस

अवसरमा धुलिखेल नगरपालिकाको विकासमा प्रभावकारी भूमिका खेल्न तथा सरकारी निकायहरु, निजी क्षेत्र, दातृ निकाय लगायत, अन्तर्राष्ट्रिय संघ संस्थाहरु, गैर सरकारी संघ संस्थाहरु, टोल विकास संस्थाहरु तथा अन्य सम्पूर्ण सरोकारवालाहरुलाई यसै मञ्चबाट यसको प्रभावकारी कार्यान्वयनका लागि हार्दिक अपिल गर्न चाहन्छु।

यस नीति तथा कार्यक्रमको सफल कार्यान्वयनबाट धुलिखेल नगरपालिकाको समावेशी र सन्तुलित विकासमा सघाउ पुग्ने, आर्थिक वृद्धिलाई मद्दत पुग्ने, रोजगारी अभिवृद्धि हुने र राजस्व अभिवृद्धि गर्न मद्दत पुग्ने विश्वास लिएको छु ।

नीति तथा योजनाको सफलता कार्यान्वयनमा भर पर्ने भएकाले यसका लागि सबै नगरसभा सदस्यहरु, नागरिक समाज, सरकारी एवम् गैर सरकारी संस्थाहरु, कर्मचारी वर्ग एवम् आम नगरवासीको संयुक्त प्रयास आवश्यक हुन्छ। विगतमा झैं नगरवासी र सबै सरोकारवालाबाट सहयोग प्राप्त भैरहने आशा एवम् विश्वास लिएको छु।

धन्यवाद !

अशोक कुमार व्याञ्जू श्रेष्ठ
नगर प्रमुख
धुलिखेल नगरपालिका
मिति २०७९ आसार १० गते शुक्रबार

अनुसूची -१

धुलिखेल नगरपालिका, काभ्रेपलाञ्चोक

# नगर कार्यपालिकाको कार्यालय, धुलिखेल

## वित्तीय स्थिति

| राजश्व संकेत | आय शीर्षक | २०७७/७८ को यर्थाय | २०७८/७९ को शंसोधित अनुमान | २०७९ जेष्ठ मसान्त सम्मको यथार्थ खर्च | २०७८/७९ को प्रस्तावित अनुमान |
|---|---|---|---|---|---|
| **आयः** | | 952040680.14 | 1151500000.00 | 980872448.35 | 1350000000.00 |
| | **राजस्वः** | 274143853.42 | 338766710.00 | 337484290.35 | 426693000.00 |
| | आन्तरिक राजश्व | 50878517.65 | 60000000.00 | 50564608.99 | 52500000.00 |
| | राजस्व बाँडफाँटबाट प्राप्त रकम | 153977374.49 | 192586916.00 | 200739886.90 | 216566000.00 |
| | गत बर्षको मौज्दात अ.ल्या. | 69287961.28 | 86179794.00 | 86179794.46 | 157627000.00 |
| | **अन्तर सरकारी वित्तीय हस्तान्तरण** | 655313325.49 | 797733290.00 | 630425000.00 | 895807000.00 |
| | संघीय सरकारबाट प्राप्त | 415076599.07 | 494697000.00 | 364416500.00 | 477800000.00 |
| | प्रदेश सरकारबाट प्राप्त | 54781071.00 | 67427000.00 | 67427000.00 | 68507000.00 |
| | अन्य स्थानीय तहबाट प्राप्त | | | | |
| | अन्य | 185455655.42 | 235609290.00 | 198581500.00 | 349500000.00 |
| | **जनसहभागिताः** | 22583501.23 | 15000000.00 | 12963158.00 | 27500000.00 |
| | नगद सहभागिता | 22583501.23 | 15000000.00 | 12963158.00 | 27500000.00 |
| | श्रम तथा वस्तुगत सहायता | | | | |
| **व्ययः** | | **833351249.91** | **1151500000.00** | **810793431.32** | **1350000000.00** |
| | चालु खर्च | 502262446.47 | 569485253.00 | 468137155.47 | 640308000.00 |
| | पूँजिगत खर्च | 329791702.34 | 580514747.00 | 341329450.77 | 705692000.00 |
| | वित्तीय व्यवस्था | 1297101.10 | 1500000.00 | 1326825.08 | 4000000.00 |